# निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था

शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन

विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा

गर्नको लागि तयार पारिएको

**शोधपत्र**


शोधकर्ता

एकराज शर्मा

परीक्षा रोल नं. : २८०१३८/०६६

त्रि.वि. दर्ता नं. ९-२-३२६-१५८-२००४



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)

कीर्तिपुर, काठमाडौं

२०६७

## सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र **एकराज शर्माले "निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था"** शीर्षकमा शोध प्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पूरा गर्नु भएकाले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.....................................

प्रा.डा. तीर्थराज पराजुली

शोध निर्देशक

मिति : २०६७।११।१५।०१

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र **एकराज शर्मा**ले **"निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था"** शोध शीर्षकमा शोध प्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिको लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

| | **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|---|
| १. | सह प्रा. नारायण बस्नेत<br>विभागीय प्रमुख | ............................... |
| २. | प्रा. डा. तीर्थराज पराजुली<br>शोध निर्देशक | ............................... |
| ३. | उप प्रा. किरणराम रञ्जितकार<br>बाह्य परीक्षक | ............................... |

मिति : २०६७।११।२३।०२

# कृतज्ञताज्ञापन

"निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था" शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि तयार पारिएको हो । शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म कार्य व्यवस्ततामा रहेर पनि अमूल्य समय दिई निर्देशन, सल्लाह, सुझाव तथा हौसला प्रदान गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. तीर्थराज पराजुलीज्यूप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । शोधपत्र लेखन कार्यमा विभिन्न सल्लाह, सुझाव र हौसला प्रदान गर्नुहुने विभागका प्रमुख सहप्रा. नारायण बस्नेतप्रति आभार प्रकट गर्न चाहन्छु । बीच बीचमा आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने विभागका गुरुहरु उपप्रा. किरणराम रञ्जितकार, उपप्रा. विश्वबाला थापा, उपप्रा. यशोधरा पन्त, उपप्रा. शिवराज बडु, श्री शरणहरि श्रेष्ठज्यूहरुप्रति हार्दिक आभार ज्ञापन गर्न चाहन्छु ।

मेरो पढाइको औपचारिक शिक्षाको सुरुवातदेखि उच्च शिक्षासम्म सदा उत्साह, प्रेरणा एवम् हौसला प्रदान गरी सुनौलो भविष्यको कामना गर्नुहुने पूजनीय पिता श्री नन्दकुमार शर्मा र माता श्री केवलादेवी शर्मा तथा जागीरको दौड धुप, दुःख, कष्ट गरेर पनि उच्च शिक्षाको लागि हौसला, निरन्तर दिएर यस तहसम्म सफलतामा पुऱ्याउनको लागि सहयोग गर्ने जीवनसाथी श्री त्रिपुरा शर्मा (सानु), असहज परिस्थितिमा पनि सहज गराई निरन्तर सहयोग पुऱ्याउनु हुने ससुरा श्री खिमानन्द शर्मा, सासुआमा श्री अम्बिका शर्मा, जेठानदाइ श्री ज्ञानेश्वर शर्माप्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु साथै छोरा श्री रोमर्ष शर्मालाई धन्यवाद नदिई रहन सक्दिन ।

शोधपत्रका क्रममा आवश्यक पर्ने सूचना उपलब्ध गराएर सहयोग गर्ने दीपज्योति विद्याश्रम मा.वि. का प्रिन्सिपल श्री डिल्ली शाह तथा श्री वेगप्रकाश चन्द, ज्ञानज्योति उच्च मा.वि. का प्राचार्य श्री बद्री पौडेल, नेपाल राष्ट्रिय म.वि. का प्रधानाध्यापक श्री आनन्दप्रसाद भट्टराई र ग्रिनपिस मा.वि. का प्रिन्सिपल श्री माया ओली, सबै विद्यालयका सम्पूर्ण शिक्षकहरु, विद्यार्थीहरु तथा सम्बन्धित विद्यार्थीहरुका अभिभावकहरुप्रति हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा शोधपत्र टाइप गरी सहयोग पुऱ्याउने हुने कीर्तिपुर स्थित एकेडेमिक कम्प्युटर लिङ्ककी दिदी कमला घले (श्रेष्ठ) लाई धन्यवाद दिन चाहन्छु ।

एक राज शर्मा

# शोधसार

"निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था" शीर्षकमा गरिएको यो अध्ययनको उद्देश्यहरु दण्ड र पुरस्कारको अवस्था पहिचान गर्नु, दण्ड र पुरस्कारले शिक्षण सिकाइमा पारेको प्रभाव पत्ता लगाउने र दण्ड र पुरस्कारबाट सम्बन्धित सरोकारवालाहरुको धारणा पत्ता लगाउने रहेका थिए । बाँके जिल्लाको कोहलपुर नगरउन्मुख गा.वि.स. वडा नं. ४ अन्तर्गत रहेका १९ सामुदायिक र १६ संस्थागतमध्ये विद्यालयहरुमध्ये ४ वटा विद्यालयलाई उद्देश्यात्मक नमुना छनोट गरी ती विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, र अभिभावकहरुसँग अन्तर्वार्ता, कक्षा शिक्षण अवलोकन, विशेष दण्ड र पुरस्कार पाउने विद्यार्थीहरुको घटना अध्ययन तथा ती विद्यार्थीको विद्यालयमा रेकर्ड अध्ययन गरी सूचना संकलन गरिएको थियो । त्यसैगरी सूचनाको सहायक स्रोतको रुपमा विभिन्न पत्रपत्रिकामा छापिएका लेख, घटना तथा पुस्तकलाई लिएको थियो ।

प्रधानाध्यापकहरुका अनुसार विध्वंसात्मक कार्य गर्ने, विद्यालय ढिला आउने र विद्यालयमा नराम्रो काम गर्ने, विद्यार्थीलाई शारीरिक तथा मानसिक दण्ड दिने गरेको पाइयो भने शिक्षकहरुले गृहकार्य तथा कक्षाकार्य कहिल्यै नगर्ने, बानी व्यवहार सुधार गर्ने, अनुशासित राख्न, कक्षाकोठा नियन्त्रण र शान्त राख्न, पढाइमा ध्यान केन्द्रित गराउन शारीरिक तथा मानसिक दण्ड दिने गरेको पाइयो । शारीरिक दण्ड अन्तर्गत २० देखि १०० पटकसम्म कान समातेर उठबस गराउने, कक्षाकोठामा मुर्गा, जोक्कर बनाउने, लट्ठी तथा डस्टरले हिर्काउने, कान तान्ने, रौं उखेल्ने साथीलाई पिट्न लगाउने जस्ता कार्य ४ जना प्र.अ., १६ जना शिक्षक र १४ जना विद्यार्थीले भनेको पाइयो । मनोवैज्ञानिक दण्ड अन्तर्गत कडा बोली गर्ने, कक्षाबाट निकालेर घर पठाइदिने, मूर्ख बदमास, साले गधा, कुकुर, बाँदर भनी नाम राख्ने, गाली गर्ने, धम्क्याउने, काले, अन्धो, फुच्चे, गोरे जस्ता गिरावटपूर्ण भाषाहरु प्रयोग गर्ने सम्पूर्ण प्रधानाध्यापक, ५४ जना शिक्षक, २४ जना विद्यार्थी र २४ जना अभिभावकबाट प्रतिक्रिया पाइयो । यी दुई दण्डहरुमध्ये शिक्षकले निरंकुशता स्वरुप पनि दण्ड दिने गरेको पाइयो । कुनै शिक्षकले शारीरिक दण्डको बढी प्रयोग गरेको पाइयो भने कुनैले मानसिक दण्डको बढी प्रयोग गरेको पाइयो भने सामुदायिक विद्यालयमा मानसिक दण्डको प्रयोग बढी गर्ने र संस्थागत विद्यालयमा शारीरिक दण्डको प्रयोग बढी गर्ने गरे पनि समग्रमा संस्थागत विद्यालयमा बढी दण्डको प्रयोग गर्ने गरेको पाइयो ।

विद्यालयमा विद्यार्थीले नराम्रो काम गरेपछि अफिसमा लिएर प्रधानाध्यापकको जिम्मा लगाउने, ३ देखि ५ पटकसम्म सम्झाउने, अभिभावकलाई बोलाएर जानकारी गराउने जस्ता नीतिनियमको व्यवस्था सबै विद्यालयमा पाइएको सहभागी, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावक सम्पूर्ण वा ७६ जनाको प्रतिक्रिया थियो भने सामुदायिक विद्यालयमा फेरि गल्ती नदोहोऱ्याउन कागज गराउने, रेष्टिगेट समेत गर्ने, नीति नियमहरु बनाएको पाइयो ।

पढाइमा उत्कृष्ट (प्रथम, द्वितीय, तृतीय) र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट, प्रथम, द्वितीय, तृतीय हुने, कक्षाकार्य, गृहकार्य सधैँ गर्ने, अनुशासित विद्यार्थीलाई पुरस्कार दिने गरेको पाइयो । उता सामुदायिक विद्यालयमा सफा सुग्घर हुने विद्यार्थीलाई पुरस्कार दिने गरेको सम्पूर्ण सरोकारवालाको प्रतिक्रिया पाइयो । दुवै किसिमका विद्यालयमा भौतिक पुरस्कारमा कापी, कलम, सामान्यज्ञानको किताब र प्रमाणपत्र, विद्यालय पोशाक र झोला दिने गरेको पाइयो । संस्थागत विद्यालयमा उत्प्रेणात्मक वा हौसलामुखी शब्दहरु (स्यावास, धन्यवाद, राम्रो, अति राम्रो) जस्ता शब्दहरुबाट विद्यार्थीलाई उत्साहित गर्ने गरेको समेत पाइयो । पुरस्कार भने सबै विद्यालयमा परम्परागत शैलीबाट दिने गरेको पाइयो । विद्यालयमा विशेषगरी दण्ड र पुरस्कार पाउने विद्यार्थीको घटना अध्ययन गर्दा विद्यार्थीहरुले नराम्रो काम गरेपछि, समय भित्र कक्षाकोठामा नआएपछि, झैँझगडा गरेपछि तथा विद्यार्थीको मनोविज्ञान नबुझेर तथा विद्यार्थीहरुमा निरंकुशता लाद्न नै शारीरिक तथा मानिसक दण्ड दिने गरेको प्रतिक्रिया पाइयो ।

विद्यार्थीहरुलाई दिइने दण्डले उनीहरुको सिकाइमा सकारात्मक तथा नकारात्मक दुवै किसिमको प्रभाव परेको प्रतिक्रिया सबै सरोकारवालाहरुले बताए । सकारात्मक प्रभाव अन्तर्गत बानीबेहोरा सुधार, कहिल्यै गृहकार्य नगर्ने विद्यार्थीले गृहकार्य गर्ने गरेको, घरमा पढ्ने गरेको र नकारात्मक प्रभावमा विद्यालय उपस्थित कम हुने, कसैले बिचैमा कक्षा छोड्ने, कसैले पूर्णरुपमा विद्यालय छोड्ने, कक्षाबाट निस्कने, प्रतिशोध उत्पन्न हुने, चिन्तित भएर टोलाएर बस्ने, बोल्न पनि डराउने आदि व्यवहारहरु हुने गरेको प्रतिक्रिया शिक्षकहरुले दिए । विद्यार्थीहरुले दण्डको बारेमा शिक्षकले दिएको दण्डले नकारात्मक र प्रतिशोधको भावना आफूहरुमा उब्जिने हुँदा दण्ड नदिएर बरु सम्झाइ, बुझाइ गर्दा आफूहरुमा सुधार आउने प्रतिक्रिया दिए । यदि दण्ड दिनै परे पनि नकारात्मक नभई सुधारात्मक र सामान्य दण्ड दिनुपर्ने प्रतिक्रिया दिए । पुरस्कारले

नकारात्मक प्रभावमा घमण्डी स्वभावको विकास र साथीलाई हेप्ने जस्ता व्यवहारमा विकास भएको जनाए ।

विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकले दण्ड एक अनुचित कार्य हो, यसलाई प्रयोगमा ल्याउनु हुँदैन, यदि ल्याउनै परेमा सुधारात्मक र सचेतात्मक तरिकाबाट प्रयोग गर्नु पर्दछ भन्ने राय अभिव्यक्त गरे । प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकका अनुसार पुरस्कार उचित कार्य हो यसलाई प्रयोगमा बढी ल्याउनु पर्दछ । पुरस्कारको व्यवस्था नगर्ने हो भने विद्यार्थीको हौसला र मेहनतमा कमी आउँदछ । कमजोर, दलित, गरीब विद्यार्थीहरुलाई हौसला प्रदान गर्ने कुरामा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थीको र अभिभावकले जोड दिइएको थियो । पुरस्कारको व्यवस्था कक्षामा उत्कृष्ट हुने र आन्तरिक क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीलाई मात्र दिने तर संस्थागत विद्यालयमा गृहकार्य र कक्षाकार्य सधैं गर्ने तथा अनुशासित विद्यार्थीहरुलाई दिने व्यवस्था रहेछ भने सामुदायिक विद्यालयमा सफा, सुग्घर हुने विद्यार्थीहरुलाई पनि पुरस्कार दिने व्यवस्था पाइयो ।

प्रधानाध्यापकले विद्यालयमा कडा बोली बोल्ने तथा नीतिनियम कडा रुपमा लागू गर्न नहुने, शिक्षकहरुले दण्डलाई निरुत्साहित र पुरस्कारलाई प्रोत्साहित गर्न विद्यार्थीहरुको मनोभावना बुझी, कमजोर विद्यार्थीहरुको घटना अध्ययन गरी, बालमैत्री वातावरणमा हौसलामुखी तथा पुरस्कारमुखी वातावरणमा शिक्षण गर्नु पर्ने शिक्षकहरुले निरंकुशता लाद्ने बानी हटाई आफ्नो कमजोरीको महसुस गरी विद्यार्थीहरुलाई स्वतन्त्रताको अनुभूति दिलाउनु पर्ने दण्डलाई निरुत्साहित गर्न योग्य तथा तालिम प्राप्त शिक्षकको नियुक्ति गर्नुपर्ने, अभिभावकले आफ्नो छोराछोरीले विद्यालयमा के कस्तो व्यवहार पाउने गर्दछन् त्यसको व्यवहारप्रति समयमै सचेत हुनुपर्ने, राज्यले विद्यालयमा दिइने शारीरिरक दण्डलाई प्रतिबन्ध गरी पुरस्कारमुखी वातावरणमा अध्ययन गर्ने विद्यालय तथा शिक्षकको कदर गर्नुपर्ने आदि सुझाव रहेका छन् ।

# विषय-सूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

शोधसार

विषयसूची

तालिकासूची

## परिच्छेद - एक

## परिचय

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अनुसन्धान प्रश्नहरु | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अध्ययनको औचित्य | ६ |
| १.६ | अध्ययनको सीमाङ्कन | ८ |
| १.७ | विशेष शब्दावलीको परिभाषा | ८ |
| १.८ | अध्ययन क्षेत्रको पृष्ठभूमि | ९ |

## परिच्छेद - दुई

## पूर्व साहित्यको समीक्षा

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित पूर्व साहित्यको सैद्धान्तिक समीक्षा | ११ |
| २.२ | सम्बन्धित अध्ययन प्रतिवेदनको पुनरावलोकन | १७ |
| २.३ | अवधारणात्मक ढाँचा | २४ |
| | २.३.१ दण्ड र पुरस्कारको अवस्था, प्रकार तथा सरोकारवालाको धारणा | २४ |
| | २.३.२ दण्ड र पुरस्कारबाट पार्ने प्रभावहरु | २५ |

## परिच्छेद – तीन

## अध्ययन विधि

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २६ |
| ३.२ | सूचना सङ्कलन प्रक्रिया | २७ |

३.२.१ प्राथमिक स्रोत २७
३.२.२ सहायक स्रोत २७
३.३ जनसंख्या र नमूना छनोट २८
३.३.१ अध्ययन क्षेत्र छनोट २८
३.३.२ विद्यालय छनोट २८
३.३.३ प्रधानाध्यापक तथा शिक्षक छनोट २९
३.३.४ विद्यार्थी छनोट २९
३.३.५ अभिभावक छनोट २९
३.४ अध्ययनका साधनहरु २९
३.४.१ अन्तर्वार्ता प्रश्नावली २९
३.४.२ प्रत्यक्ष/अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन ३०
३.४.३ विद्यार्थी रेकर्ड अध्ययन ३०
३.४.४ घटना अध्ययन ३०
३.५ साधनको वैधता निर्माण ३०
३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया ३१
३.७ सूचनाको विश्लेषण र व्याख्या ३२
३.८ नीतिगत पक्ष ३२


## परिच्छेद – चार

## सूचनाको विश्लेषण र व्याख्या


४.१ विद्यालयमा दण्ड र पुरस्कारको अवस्था ३३
४.१.१ दण्डको अवस्था ३४
४.१.२ विद्यालयमा पुरस्कारको अवस्था ३७
४.१.३ विद्यालयमा दण्डको प्रकार ३८
४.१.४ पुरस्कारको प्रकार ४०
४.१.५ विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्था ४२
४.१.६ दण्ड र पुरस्कार दिने कारणहरु ४३
४.२ विद्यालयमा दण्ड र पुरस्कारले शिक्षण सिकाइमा पारेको (सकारात्मक तथा नकारात्मक) प्रभाव ४४
४.२.१ दण्डको सिकाइमा सकारात्मक प्रभाव ४५
४.२.२ पुरस्कारको सिकाइमा सकारात्मक प्रभाव ४६

४.२.३ दण्डको सिकाइमा नकारात्मक प्रभाव ४७
४.२.४ पुरस्कारको सिकाइमा नकारात्मक प्रभाव ४९
४.३ दण्ड र पुरस्कार सम्बन्धी सरोकारवालाहरुको प्रतिक्रिया ४९
४.३.१ प्रधानाध्यापकको प्रतिक्रिया ४९
४.३.२ शिक्षकको धारणा ५०
४.३.३ विद्यार्थीको धारणा ५०
४.३.४ अभिभावकको धारणा ५१

## परिच्छेद – पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ५२
५.२ निष्कर्ष ५५
५.३ सुझाव ५८

सन्दर्भसामग्री
अनुसूची

# तालिका सूची

तालिका ४.१ : संस्थागत र सामुदायिक विद्यालयमा दण्डको अवस्था ३४

तालिका ४.२ : विद्यालयमा पुरस्कारको अवस्थाबारे प्रअ., शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया ३७

तालिका ४.३ : विद्यालयमा शारीरिक दण्डबारे प्र.अ., शिक्षक तथा विद्यार्थीको प्रतिक्रिया ३८

तालिका ४.४ : विद्यालयमा मानसिक दण्ड सम्बन्धी प्रधानाध्यापक, शिक्षक, विद्यार्थीको प्रतिक्रिया ३९

तालिका ४.५ : पुरस्कारको प्रकारबारे प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया ४१

तालिका ४.६ : दण्ड र पुरस्कार दिने व्यवस्थाबारे विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया ४२